कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार वित्तीय व्यवसाय गर्न इजाजत प्राप्त

# रिलायबल माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

# Reliable Microfinance Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतप्राप्त संस्था)

*(A Subsidiary Company of Reliable Development Bank Ltd*

(१५ जिल्ला कार्य क्षेत्र भएको)

वेसीशहर न.पा. – ९, शेरा, लमजुङ ।

फोन नं. : ०६६–५२११७७ फ्याक्स नं. ०६६–५२१२९६

E-mail: rmfi@reliablebank.com.np

URL: www.reliablemfi.com

**को**

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**हाल कायम चुक्ता पूँजी रु. ५,६५,००,०००/- (अक्षेरुपी पाँच करोड पैसट्ठी लाख रुपैंयाँ मात्र) को २:१ (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि प्रति शेयर रु.१००/– अंकित दरका २,८२,५०० कित्ता हकप्रद साधारण शेयरहरुको निष्काशन गर्नको लागि प्रकाशित ।**

**दरखास्तसाथ प्रतिशेयर रु.१००/का दरले शत प्रतिशत भुक्तानी माग गरिएको**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

**हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुको उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएको आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Dilligence Certificate) प्रस्तुत गरेका छौं ।**

**धितोपत्रको लगानीमा हुन सक्ने जोखिम वारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्नेछ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु वारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस हकप्रद शेयर निष्काशन रु. ३ करोड भन्दा कम भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६५ को नियम ३ (क) बमोजिम यस संस्थाले क्रेडिट रेटिङ्ग गर्नु नपर्ने गरी छुटको व्यवस्था रहेको छ ।

**नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको मिति : २०७४/०३/०१**
**हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७४/०३/२५**
**हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७४/०४/२९ (बैकिङ्ग समय पश्चात)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

Estd 2008
Civil Capital Market Ltd.

**सिभिल क्यापिटल मार्केट लि.**
**Civil Capital Market Ltd.**
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी ब्यवस्थापनको कार्य गर्न इजाजत प्राप्त)
सिटिसि मल, छैठौं तल्ला, सुन्धारा, काठमाण्डौ, नेपाल
फोन नं. ४२६१२५१, ४२५९४३७ फ्याक्स: ९७७-१-४२४८८९०
E-mail: ccm@civilcapital.com.np,Website: www.civilcapital.com.np

**क) संगठित संस्थाको नाम** : रिलायवल माईक्रोफाईनान्स वित्तिय संस्था लिमिटेड (Reliable Micro Finance Bittiya Ltd.)

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड(केन्द्रीय) कार्यालय गण्डकी अंचल, लमजुङ जिल्ला बेसीशहर–०९, शेरामा रहेकोछ ।

**ग) कारोवार स्थान :** यस माइक्रोफाइनान्स वित्तीय संस्थाको कारोवार गर्ने बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालयका साथै नेपाल राज्यको १५ जिल्ला लमजुङ, मनाङ, मुस्ताङ, डोल्पा, रामेछाप, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा ,गोखा, ओखलढुगा, काभ्रेपलाञ्चोक,तनहुँ,कास्की र पाल्पा रहेका छन् । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ । हाल लमजुङमा बेसीशहर शाखा,सोतिपसल शाखा, चन्द्रेश्वर शाखा र चक्रतिर्थ शाखा, धादिङमा आदामघाट शाखा , चरौदी शाखा र धार्के शाखा, नुवाकोटमा त्रिशुली शाखा, चौघडा शाखा, रातमाटे शाखा र सामरी शाखा,, मनाङमा धारापानी शाखा, रसुवामा धैबुङ शाखा, सिन्धुपाल्चोकमा चौतारा शाखा, रामेछापमा रामेछाप शाखा, गोरखामा सतिपिपल शाखा र वुङ्गकोट शाखा,डोल्पामा दुनै शाखा, मुस्ताङ्गमा जोमसोम शाखा, ओखलढुगामा रुम्जाटार शाखा,, काभ्रेपलाञ्चोकमा कुन्तावेसी शाखा,तनहुँमा चापाघाट शाखा, ,कास्कीमा वेगनास शाखा र पाल्पामा तानसेन शाखा गरि २४ वटा शाखा कार्यालय खोली वित्तीय कारोवार गर्दै आई रहेको छ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**

रिलायवल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/११/२४ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०७०/०२/०१ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७०/०२/०५ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस माइक्रोफाइनान्स वित्तीय संस्थाका संस्थापकमा तत्कालिन रिलायवल फाइनान्स लिमिटेड हाल रिलायबल डेभलपमेन्ट बैंक लिमिटेड रहेको छ ।

२) **कम्पनीको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस माइक्रोफाइनान्स वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

क)माइक्रोफाइनान्स वित्तीय संस्थाको निक्षेपकर्ता र वित्तीय श्रोत प्रदान गर्ने संस्थाहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धि सेवा उपलब्ध गराउने,

ख)नेपाल राष्ट्र बैंकको स्विकृति लिई सर्व साधारण बाट निक्षेप स्विकार गर्ने र भुक्तानी दिने,

ग) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक लघुवित्त सम्बन्धी साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

घ)उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ङ)लघुवित्त सम्बन्धी सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुरयाउने, देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

च) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

**ङ) शेयर पूँजीको संरचना :**

क) **<u>अधिकृत पूँजी</u> :** बैंकको अधिकृत पूंजी रु. १०,,००,००,०००/- (अक्षेरुपी दश करोड रुपैयाँ मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १०,००,००० (दश लाख) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

ख) **<u>जारी पूँजी</u> :** बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. ८,४७,५०,०००/- (अक्षेरुपी आठ करोड सडचालिस लाख पचास हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– दरका ८,४७,५०० (आठ लाख सडचालिस हजार पाँच सय) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

ग) **<u>चुक्ता पूँजी</u>** : हाल बैंकको चुक्ता पूँजी रु. ५,६५,००,०००/- (अक्षेरुपी पाँच करोड पैसठ्ठी लाखे रुपैयाँ मात्र) रहेको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे

पश्चात बैंकको चुक्ता पूँजी रु. ८,४७,५०,०००/- (अक्षेरुपी आठ करोड सडचालिस लाख पचास हजार मात्र) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

**हकप्रद शेयर निष्काशन गर्नु पूर्वको चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,९५,५०० | ७०.००% | ३,९५,५०,००० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १,६९,५०० | ३०.००% | १,६९,५०,००० | शत प्रतिशत |
| | **जम्मा** | **५,६५,०००** | **१००%** | **५,६५,००,०००** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५,९३,२५० | ७०.००% | ५,९३,२५,००० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | २,५४,२५० | ३०.००% | २,५४,२५,००० | शत प्रतिशत |
| | **जम्मा** | **८,४७,५००** | **१००%** | **८,४७,५०,०००** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

**(क) संस्थापकहरुको नाम ठेगाना तथा हाल लिएको शेयर कित्ताः**

| क्र.सं. | संस्थापकको नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | रिलायवल डेभलपमेन्ट वैक लि. | ज्ञानेश्वर, काठमाण्डौ | ३,९५,५०० | |
| | **जम्मा** | | **३,९५,५००** | |

**(ख) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना**

| क्र.सं. | कम्पनी/संस्थाको नाम | ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व (%) |
|---|---|---|---|---|---|
| १ | रिलायवल डेभलपमेन्ट वैक लि | ज्ञानेश्वर, काठमाडौं | बैकिङ्ग व्यवसाय | श्री राधेश्याम अग्रवाल, अध्यक्ष<br>श्री प्रविन मान श्रेष्ठ, सञ्चालक<br>श्री सुनिल वल्भव पन्त, सञ्चालक<br>श्री दिलिप कुमार ढुंगाना, सञ्चालक<br>श्री विजय राज जोशी, सञ्चालक<br>श्री गोपाल जोशी सञ्चालक<br>श्री रेखा घिमिरे, सञ्चालक | ७० |

**h_ निष्काशन गरिने हकप्रद शेयर संख्या तथा त्यसको अनुपात :**

**संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ५,६५,००० (पाँच लाख पैसठ्ठी हजार) कित्ताको २ शेयर बराबर १ शेयर (२:१) को अनुपातमा अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयरको दरले प्रति शेयर रु.१००/– अंकित दरले जम्मा २,८२,५०० (दुई लाख बयासी हजार पाँच सय) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।**

**em_ <u>हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :</u>**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा संस्थाको चौथो वार्षिक साधारण सभाले गरेको निर्णय :** बिशोश प्रस्ताव नं १ बमोजिम हाल कायम चुक्ता पूँजीमा हुने साधारण शेयर संख्याको २:१ (दुई शेयर बराबर **एक कित्ता**) को अनुपातमा हकप्रद शेयर जारी गर्ने भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति :** चौथो बार्षिक साधारणसभा, मिति २०७३ मंसिर १९ गते, शुक्रबार

**~f_ सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

***१) बैंकको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुको प्रतिनिधित्व रहेको छ ।***

| सि. नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री नारायण बाबु लोहनी | अध्यक्ष (रिलायवल डेभलप्मेन्ट बैंक लि. मनोनित) | ४६ बर्ष | नेपाली | स्थायी- उदीपुर गा.वि.स १, लमजुङ अस्थायी- का.म.न.पा. सामाखुसी, २९ | वि.ई, ई-एम.बि.ए. | हाल रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत, सिभिल इन्जिनियर । |
| २. | श्री नारायण राज बिष्ट | संचालक( रिलायवल डेभलप्मेन्ट बैंक लि. मनोनित) | ४९बर्ष | नेपाली | स्थायी- चिति गा.वि.स ९,लमजुङ | बि.कम. (टियु) | राष्ट्रिय बाणिज्य बैंकमा बैंक १६ बर्ष अनुभव, हाल नेपाल विद्युत प्राधिकरण मा अधिकृत स्तरमा कार्यरत । |
| ३. | श्री दिपेश बाबु तिवारी | संचालक( रिलायवल डेभलप्मेन्ट बैंक लि. मनोनित) | ४२ बर्ष | नेपाली | स्थायी- चोकचिसापानी ६ तनहुं अस्थायी- का.म.न.पा ९ सिनामंगल | एम.ए - (अर्थशास्त्र), इ.एम.वि.ए. | प्रुडेन्सियल फाइनान्स लि. व्यवस्थापकको ३ बर्ष कार्यानुभव, हाल कम्पनी सचिव/सहायक महाप्रवन्धक, रिलायबल डेभलपमेन्ट बैंक लि. मा कार्यरत |
| ५. | श्री गोविन्द प्रसाद ढकाल | संचालक( रिलायवल डेभलप्मेन्ट बैंक लि. मनोनित) | ५६ बर्ष | नेपाली | स्थायी- कुसुमखोला गा.वि.स.४ पाल्पा अस्थायी- का.म.न.पा. ३३, मैतिदेवी | बि. कम. (टियू) | एन.आई.डि.सि-२२ बर्ष कार्यानुभव । हाल-रिलायबल बिकास बैंक लि. मा सहायक मेनेजर १० बर्ष देखि कार्यरत |
| ५. | प्रविन पछाई | सञ्चालक ( सर्वसाधारण शेयरधनी समूह) | २८ बर्ष | नेपाली | स्थायी- हुंगी गा.वि.स.६,पाल्पा अस्थायी- का.म.न.पा. १० बबरमहल | १०+२ | व्यवस्थापक, सागा होलिडे ट्राभल्स एण्ड टुर्स प्रा.लि., काठमाण्डौं । |

***२) <u>बैंकको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :</u>***

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| श्री किरण कुँवर | लमजुङ्ग जिल्ला सुन्दरवजार न.पा. - ८, भोटेओडार | वाणिज्यशास्त्रमा स्नातकोत्तर | पाध्यापन पेशामा ७ बर्षको अनुभव, सहकारीमा प्रमुख कार्यकारी अधिकृतमा १६ वर्षको कार्य अनुभव तथा रिलायवल माईक्रो फाईनान्स वित्तिय संस्था लिमिटेडमा २ वर्ष ३ महिना देखि प्रमुख कार्यकारी अधिकृत भई |

| | | | |
|---|---|---|---|
| | | | हाल सम्म कार्य संचालन गरिरहेको । |

**ट) सञ्चालक समितिको बनौट :**

१. बैंकको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन तथा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही बार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

२. यस बैंकमा ५ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| * रिलायबल डेभलप्मेन्ट बैंक लि. (समूह "क") बाट मनोनित | ३ (तीन) |
| सर्वसाधारण समूह( समूह "ख") का शेयरधनीहरुबाट निर्वाचित | १ (एक) |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक | १ (एक) |
| **जम्मा** | **५(पाँच) जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम:**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयरको निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्म कायम भएका साविक शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार दुई शेयर बराबर एक शेयर (२:१) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । साथै साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा संशोधित "धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका २०७४" को अधिनमा रहि संचालक समितिले अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**9_ हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ । साथै उपरोक्त अनुपातमा शेयर जारी गर्दा शेयरधनीहरुको हिस्सामा खण्डीकरण हुन गएमा शेयरधनीले चाहेमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी शेयर बाँडफाँट गर्दा समूहगत घटबढ नहुने गरी बाँडफाँट गरिनेछ । यसरी बाँडफाँड गर्दा बैंकको पूंजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न बैंकको वार्षिक साधारण सभावाट निर्णय गरिनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

## वासलात

रु. हजारमा

| सि.नं | पूँजी तथा दायित्व | वास्तविक आ.ब | | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ चैत्र मसान्त | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| १ | शेयर पूँजी | २८,००० | ४१,५०० | ५६,५०० | ५६,५०० | ८२,७५० | १,००,००० | १,००,००० |
| २ | जगेडा तथा कोषहरु | (६७३) | २,९०१ | १०,२७५ | २०,४५३ | २३,४५४ | ५०,६७० | १,१५,२३१ |
| ३ | ऋणपत्र तथा बन्ड | - | - | - | - | - | - | - |
| ४ | तिर्न बाँकी कर्जा सापट | १,०४,७०० | २,४०,६५९ | ३,४५,३५९ | ३,९७,९१६ | ४,९७,५३० | ८,८६,३०५ | १४,७५,९२० |
| ५ | निक्षेप दायित्व | १०,३५६ | ३५,५७५ | ८१,५९९ | १,३९,४५४ | १,५१,२४० | ३,०९,०२५ | ५,०६,३२५ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७ | प्रस्तावित लाभांश | - | ३४२ | ११,३०० | - | १६,९५० | - | २०,००० |
| ८ | आयकर दायित्व | - | ४,२२८ | - | ४,३६२ | - | - | - |
| ९ | अन्य दायित्व | १,८८७ | ४,३५४ | १२,०८५ | ५४,८९९ | १६,५३९ | १९,६३५ | २७,२१५ |
| | **कुल दायित्व** | **१,४४,२९२** | **३,२९,५५९** | **५,१७,११८** | **६,७३,५८३** | **७,९०,४६२** | **१३,६५,६३६** | **२२,४४,६९२** |
| **सि.नं** | **सम्पत्ति** | **वास्तविक आ.ब** | | | | **प्रक्षेपित आ.ब.** | | |
| | | **२०७०/७१** | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४ चैत्र मसान्त** | **२०७३/७४** | **२०७४/७५** | **२०७५/७६** |
| १ | नगद मौज्दात | ४७ | ५२३ | ८०० | - | १,००२ | १,२३३ | ४,६५१ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | - | - | - | - |
| ३ | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १५,८२४ | २१,५१४ | ६०,७५३ | ७८,२३६ | १,१४,४६८ | १,६६,०९४ | २,३०,९७८ |
| ४ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५ | लगानी | ३१,८०० | ४०,००० | ८४,००० | १,३०,३२१ | ९०,००० | १,७५,००० | २,२५,००० |
| ६ | कर्जा सापटी तथा बिल खरिद | ९३,७९७ | २,५९,४२९ | ३,५२,९५९ | ४,३३,४५५ | ५,५१,६८५ | ९,८३,८२६ | १७,३७,२८२ |
| ७ | स्थिर सम्पत्ति | २,७५८ | ३,३६२ | १६,०१३ | १६,८४८ | २५,३५८ | २३,९९७ | २३,१२८ |
| ८ | गैह्र बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९ | अन्य सम्पत्ति | ६५ | ४,७३० | २,५९३ | १४,७२४ | ७,९४९ | १५,४८६ | २४,१५२ |
| | **कुल सम्पत्ति** | **१,४४,२९२** | **३,२९,५५९** | **५,१७,११८** | **६,७३,५८३** | **७,९०,४६२** | **१३,६५,६३६** | **२२,४४,६९२** |

** २०७३ चैत्रको वित्तीय विवरण लेखापरिक्षण हुन बाँकी व्यवस्थापनबाट प्रमाणित तथा प्रक्षेपीत वित्तीय विवरण चार्टड एकाउण्टेण्ट श्री अधिकारी डि. एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ ।*

## नाफा नोक्सान हिसाबको विवरण

रु. हजारमा

| सि.नं. | विवरण | वास्तविक आ.ब | | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ चैत्र मसान्त | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| १ | व्याज आम्दानी | १३,३२४ | ३५,७६९ | ६५,१९० | ६१,४०३ | १,१५,५०५ | १,८५,०७६ | ३,२३,५४४ |
| २ | व्याज खर्च | ६,३५७ | ९,२६५ | १८,२८१ | २३,०९२ | ४५,२५२ | ८३,२०६ | १,३७,८१४ |
| | **खुद व्याज आम्दानी** | **६,९६७** | **२६,५०४** | **४६,९०८** | **३८,३१२** | **७०,२५३** | **१,०१,८७०** | **१,८५,७३०** |
| ३ | कमिशन तथा डिस्काउण्ट | १,७३९ | ४३,६८ | ६,२४२ | - | ७५ | ११० | १५० |
| ४ | अन्य सञ्चालन आम्दानी | - | - | - | ५,४३० | १०,३३० | १८,६०२ | ३२,६०१ |
| ५ | सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| | **कूल सञ्चालन आम्दानी** | **८,७०५** | **३०,८७२** | **५३,१५०** | **४३,७४२** | **८०,६५८** | **१,२०,५८२** | **२,१८,४८०** |
| ६ | कर्मचारी खर्च | ४,२६८ | ७,५१५ | १३,५२६ | १६,०३८ | १७,२०७ | ३१,०९७ | ५१,४४६ |
| ७ | अन्य सञ्चालन खर्च | ३,५१९ | ५,७१० | ७,४७६ | ६,९२२ | १३,०६१ | १६,४७७ | २२,६६९ |
| ८ | सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **९१९** | **१७,६४७** | **३२,१४८** | **२०,७८२** | **५०,३९०** | **७३,००८** | **१,४४,१६६** |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ८०१ | १,६७३ | २,९३५ | ४,७८९ | ३,०४५ | ६,२७६ | ११,२८४ |
| | **सञ्चालन मुनाफा/नोक्सान** | **११८** | **१५,९७४** | **२९,३५४** | **१५,९९४** | **४७,३४५** | **६६,७३२** | **१,३२,८८२** |
| १० | गैह्र सञ्चालन आम्दानी/नोक्सान | - | - | - | - | - | - | - |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | - | - | - | - | - |
| | **नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान** | **११८** | **१५,९७४** | **२९,३५४** | **१५,९९४** | **४७,३४५** | **६६,७३२** | **१,३२,८८२** |
| १२ | असामान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - | - |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान** | **११८** | **१५,९७४** | **२९,३५४** | **१५,९९४** | **४७,३४५** | **६६,७३२** | **१,३२,८८२** |
| १३ | कर्मचारी बोनस व्यवस्था | ११ | १,४७२ | २६६९ | १,४५४ | ४,३०४ | ६,०६७ | १२,०८० |
| १४ | **आयकर व्यवस्था** | - | ४,१२६ | ८,०१२ | ४,३६२ | १२,९१२ | १८,२०० | ३६,२४० |
| | *यस वर्षको कर व्यवस्था* | - | *४,२२८* | *७,८३५* | ४,३६२ | १२,९१२ | १८,२०० | ३६,२४० |
| | *विगत वर्षसम्मको कर व्यवस्था* | - | - | - | - | - | - | - |
| | *यस वर्षको स्थगन कर (आम्दानी/खर्च)* | - | *(१०१)* | *१७५* | - | - | - | - |
| | **खुद नाफा/नोक्सान** | **१०७** | **१०,३९६** | **१८,६७४** | **१०,१७८** | ***३०,१२९*** | **४२,४६६** | **८४,५६१** |
| | शेयर संख्या (बोनस अघिको) | २८० | ३५० | ५६५ | *५६५* | ८४८ | १,००,००० | १,००,००० |
| | प्रति शेयर आम्दानी (रु.) | ०.३८ | २९.७० | ३३.०५ | १८.०१ | ३५.५५ | ४२.४७ | ८४.५६ |

** २०७३ चैत्रको वित्तीय* विवरण लेखापरिक्षण हुन बाँकी व्यवस्थापनबाट प्रमाणित तथा *प्रक्षेपीत वित्तीय विवरण चार्टड एकाउण्टेण्ट श्री अधिकारी डि. एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ ।*

## वैंकको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

रु. हजारमा

| विवरण | बास्तबिक आ.ब. | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| चुक्ता पूँजी | २८,००० | ४१,५०० | ५६,५०० | ८४,७५० | १,००,००० | १,००,००० |
| जगेडा तथा कोषहरु | (६५२) | २,९०२ | १०,२७५ | २३,७५४ | ५०,६७० | १,१५,२३१ |
| **जम्मा** | **२७,३४८** | **४४,४०२** | **६६,७७५** | **१,०८,२०४** | **१,५०,६७०** | **२,१५,२३१** |
| घटाउ : स्थगन खर्च | – | – | – | – | – | – |
| **कूल नेटवर्थ** | **२७,३४८** | **४४,४०२** | **६६,७७५** | **१,०८,२०४** | **१,५०,६७०** | **२,१५,२३१** |
| शेयर संख्या (हजारमा) | २८० | ४१५ | ५६५ | ८४८ | १,००० | १,००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७.६७ | १०६.९९ | ११८.१९ | १२७.२६ | १०५.६७ | २१५.२३ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| नेटवर्थमा औषत प्रतिफल (प्रतिशत) | ०.३८ | २३.४१ | २७.९७ | २७.८४ | २८.१८ | ३९.२९ |
| प्रति शेयर आम्दानी | ०.३८ | २९.७० | ३३.०५ | ३५.५५ | ४२.४७ | ८४.५६ |

***निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : २९.४८%***

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|
| १. कूल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा) | ८५.३४% | १०४.३३% | ६३.८५% |
| २. कूल कर्जा तथा लगानीमा औषत वृद्धिदर (प्रतिशतमा) | ५६.३०% | ७८.३३% | ७६.५८% |
| ३. कूल कर्जा तथा निक्षेप अनुपात (प्रतिशतमा) | ३६४.७७% | ३१८.३६% | ३४३.१२% |
| ४. कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | ७६.२७%) | ६१.८५% | ७४.८४% |
| ५. कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | ८६.७१% | ७४.४५% | ६३.०१% |
| ६. सञ्चालन खर्च तथा कूल आम्दानी अनुपात (प्रतिशतमा) | १०.३७% | ८.०९% | ६.३६% |
| ७. निक्षेपको औषत व्याजदर (प्रतिशतमा) | ८.००% | ८.००% | ८.००% |
| ८. कर्जा तथा सापटको औषत व्याजदर (प्रतिशतमा) | १८.००% | १८.००% | १८.००% |
| ९. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| १०. वैधानिक तरलता (SLR) | १७.१४% | १३.४०% | ११.१३% |
| ११. तरलता (CRR) | ०.५०% | ०.५०% | ०.५०% |
| १२. पूँजी कोष अनुपात (CAR) | १७.७९% | १४.२६% | ११.७४% |

*आगामी वर्षहरुको प्रक्षेपित वित्तीय विवरणहरु व्यवस्थापनद्धारा तयार गरी चार्टड एकाउन्टेन्ट श्री अधिकारी डि. एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ /हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेका बैंकको उद्घोषण रहेको छ । साथै, प्रक्षेपित वित्तीय विवरणमा उल्लेख्य फरक भएमा सोको कारण सम्पूर्ण शेयरधनीहरुलाई जानकारी गराइने छ ।*

## त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

### वासलात
**२०७३ आषाढ मसान्त**

**पूँजी तथा दायित्व**

| विवरण | रु. हजारमा |
|---|---|
| शेयर पूँजी | ५६,५०० |
| जगेडा तथा कोषहरु | १०,२७५ |
| ऋणपत्र तथा बन्ड | - |
| तिर्न बाँकी कर्जा सापट | ३,४५,३५९ |
| निक्षेप दायित्व | ८१,५९९ |
| भुक्तानी दिनु पर्ने बिलहरु | - |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभाँश | ११,३०० |
| आयकर दायित्व | - |
| अन्य दायित्व | १२,०८५ |
| **कुल पूँजी तथा दायित्व** | **५,१७,११८** |

**सम्पत्ति**

| विवरण | रु. हजारमा |
|---|---|
| नगद मौज्दात | ८०० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ६०७५३ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| लगानी | ८४,००० |
| कर्जा सापट तथा विल्स खरिद | ३,५२,९५९ |
| स्थिर सम्पत्ति | १६,०१३ |
| गैर बैकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | २,५९३ |
| **कुल सम्पत्ति** | **५,१७,११८** |

### नाफा नोक्सान हिसाब
**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्तसम्म**

| विवरण | रु. हजारमा |
|---|---|
| १. ब्याज आम्दानी | ६५,१९० |
| २. ब्याज खर्च | १८,२८१ |
| **खुद ब्याज आम्दानी** | **४६,९०८** |
| ३. कमिशन तथा डिस्काउन्ट | ६,२४२ |
| ४. अन्य सञ्चालन आम्दानी | - |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **५३,१५०** |

| | |
|---|---|
| ६. कर्मचारी खर्च | १३,५२६ |
| ७. अन्य सञ्चालन खर्च | ७,४७६ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | **३२,१४८** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २,९३५ |
| **सञ्चालन मुनाफा** | **२९,३५४** |
| १०. गैह्र सञ्चालन आम्दानी/खर्च | - |
| ११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | - |
| **नियमित कारेवारबाट भएको मुनाफा** | **२९,३५४** |
| १२. असमान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **२९,३५४** |
| १३. कर्मचारी बोनस व्यवस्था | २६६९ |
| १४. आयकर व्यवस्था | ८,०१२ |
| - यस वर्ष सम्मको कर व्यवस्था | *७,८३५* |
| - गत वर्षको कर व्यवस्था | - |
| - यस वर्षको स्थगन कर आम्दानी/खर्च | *१७५* |
| **खुद नाफा/नोक्सान** | **१८,६७४** |

## नाफा नोक्सान बाँडफाँड हिसाब

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्तसम्मको**

| विबरण | रु. हजारमा |
|---|---|
| **आम्दानी** | - |
| १. गत वर्षको संचित मुनाफा | ६९९ |
| २. यस बर्षको मुनाफा | १८,६७४ |
| ३. पूजी समायोजन कोष बाट फिर्ता | - |
| ४.स्थगन कर जगेडा | १०१ |
| ५.पूजीगत जगेडाबाट फिर्ता | - |
| ६. शेयर प्रिमियमबाट फिर्ता | - |
| **जम्मा** | **१९४७५** |
| **खर्च** | - |
| १. गत वर्षसम्मको संचित नोक्सानी | - |
| २. यस वर्षको नोक्सानी | - |
| ३. साधारण जगेडाकोष | ३,७३५ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांस समीकरण कोष | - |
| ७. कर्मचारी सम्वन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित नगद लाभांश | ११,३०० |
| ९. प्रस्तावित वोनस शेयर जारी | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूजी फिर्ता जगेडा कोष | - |
| १३. पुजी समायोजन कोष | - |
| १४. सदस्य सुरक्षण कोष | - |
| १५ स्थगन कर कोष | १८७ |
| १६. लगानी समायोजन कोष | - |
| **जम्मा** | **१५,२२२** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **४,२५३** |

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित जोखिमहरु :**

- क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
- ख) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय निती नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु ।
- च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
- छ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
- ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु
- ञ) देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- ट) बिदेशी बिनिमय कारोबार गर्दा बिनिमय दरमा हुने थपघटबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

बैंकको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी बहन गर्न सक्षम र प्रतिबद्ध छ ।

<u>धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम</u>

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र निष्काशन नियमावली, २०७३ ले निर्धारित गरेको समयभित्र (अर्थात बढिमा ३० दिन भित्र) हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँट भएका सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै नेपाल स्टक एक्सचेञ्जमा लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा बैंकको उपरोक्त विवरणहरु निरीक्षण गर्न सकिनेछ :

१. ***श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाण्डौं प्लाजा,काठमाण्डौ ।***
२. ***श्री रिलायवल माईक्रो फाईनान्स वित्तिय संस्था लिमिटेड, बेशीशहर, लम्जुङ्ग ।***
२. ***श्री रिलायवल डेभलप्मेन्ट बैंक लिमिटेड, ज्ञानेश्वर काठमाडौ ।***

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

निष्काशन हुने धितोपत्र प्रत्याभूति नभएको

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

बैंकको दैनिक कारोवारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :**

क) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व बैंकले सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।

ख) आवेदन फारम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नुपर्नेछ ।

ग) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

घ) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ । साथै शेयर आवेदन दिंदा शेयरधनीहरुले आवेदन दिन पाउने शेयर संख्या खण्डीकरण हुन गएमा शेयरधनीले खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् ।

ङ) संयूक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

च) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

छ) तोकिएको समय भित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

ज) बाँडफाँट भएको शेयर सम्बन्धित शेयरधनीहरुलाई धितोपत्रको प्रमाणपत्र वितरण नगरी अभौतिक रुपमा डिम्याट खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

झ) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सक्नेछन् ।

ञ) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने व्यवस्था नभएको ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गनुपर्ने :**

१. बैंकको आ.व. २०७२/७३ को लेखापरीक्षण कार्य ***जि एण्ड जि एशोसियटस्*** *चार्टर्ड एकाउन्टेन्टस्ले* गरेको छ ।

२. बैंकको कम्पनी सचिवमा ***श्री किरण कुँवर*** हुनुहुन्छ ।

३. बैंकको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा बैंक आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको तथा प्रक्षेपित वित्तीय विवरणहरु अनुमानको आधार पुनरावलोकन गरी सन्तुष्ट भएको व्यहोरा **श्री अधिकारी डि. एण्ड एसोसियट्स,** चार्टर्ड एकाउन्टेन्टस्ले प्रमाणित गर्नु भएको छ ।

४. यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यबसायिक संस्था **सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाण्डौ**ले तयार गरेको हो ।

५. यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी **सिभिल क्यापिटल मार्केट लिमिटेड, सटिसी मल, सुन्धारा, काठमाण्डौ** रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्यः**

**१. <u>हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :</u>**

क) संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

ख) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गनुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन ।

**२. <u>निष्काशनबाट प्राप्त हुने कुल रकम सम्वन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको योजना :</u>**

क) यस बैंकको जारी पुँजी रु. ८ करोड ४७ लाख ५० हजार रुपैयाँ भै सोही अनुसार प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भएकोमा हाल चुक्ता पूँजी ५ करोड ६५ लाख रुपैयाँ मात्र भएकोले र बैंकको अन्य व्यावसायिक कार्य गर्न पूँजीको आवश्यक हुने भएको हुनाले चुक्ता पूँजी वृद्धि गर्न हकप्रद शेयर जारी गरिएको छ । जसलाई निम्न अनुसार उपयोग गर्ने बैंकको योजना रहेको छ ।

| क.सं. | शिर्षक | प्रतिशत | रकम रु. |
|---|---|---|---|
| १ | कर्जा तथा सापट | ७५% | २,११,८७,५०० |
| २ | लगानी | १०% | २८,२५,००० |
| ३ | शाखा विस्तार | १०% | २८,२५,००० |
| ४ | अन्य | ५% | १४,१२,५०० |
| | **जम्मा** | **१००%** | **२,८२,५०,०००** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

यस विवरणद्धारा निष्काशन गरिएको हकप्रद साधारण शेयरको लागि आवेदन दिने म्याद हकप्रद शेयरको बिक्री खुल्ला भएको मितिले ३५ (पैंतीस) दिन हुनेछ । हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई बैंकको संचालक समितिको निर्णय बमोजिम अधिकतम १५ दिन सम्म थप गर्न सक्नेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

क) हकप्रद शेयर निष्काशनको लागि प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" लगानी कर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले संस्थाको वेभसाइट तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ । साथै सोको एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्न समेत उपलब्ध गराइनेछ ।

ख) संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वेशिशहर, लमजुङ्ग लगायत अन्य शाखाहरु तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाण्डौ प्लाजा, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** हेर्न वा प्राप्त गर्न, निवेदन दिन तथा रकम बुझाउन सकिनेछ । उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट निवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिभिल क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/C Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार हुलाक सेवा मार्फत रजिष्ट्री गरी वा कुरीयर मार्फत सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाण्डौमा पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गरिने छ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्रा□ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

ग) हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधार मानी शेयरधनीहरुको पहुँच हुने गरी माथि दफा (ग) मा उल्लेखित बैंकका सम्पूर्ण शाखाहरु र हकप्रद शेयर निष्काशन तथा बिक्री प्रबन्धक श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल,, काठमाडौंमा हकप्रद शेयरको आवेदन बुझाउन सक्नेछन् । साथै दरखास्त फारामको हकमा आवेदकहरुले सिभिल क्यापिटल मार्केट लिमिटेडको वेवसाईट www.civilcapital.com र कम्पनीको वेवसाईट www.reliablemfi.com बाट Download गरि भरेरे तोकिएको संकलन केन्द्रमा बुझाउन सकिनेछ ।

घ) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :
यस हकप्रद निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

| **सि.नं.** | **निष्काशन बैंकको नाम, ठेगाना** | खाता नं |
|---|---|---|
| १. | श्री सिभिल बैंक लिमिटेड, कमलादी, काठमाण्डौं | ००२१०००००४८२०१८ |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धी उद्घोषण :**

क) संस्थाले आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै, यस संस्थाका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य नरहेको उद्घोषण बैंकको रहेको छ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

**पछिल्लो ३ बर्षमा भएको शेयर कारोबारको विवरण :**

| **आ.ब.** | **अधिकतम शेयर मुल्य (रु)** | **न्यूनतम शेयर मुल्य (रु)** | **अन्तिम बजार मुल्य (रु)** | **शेयर कारोबार संख्या (हजारमा)** |
|---|---|---|---|---|
| २०७०/०७१* | - | — | — | — |
| २०७१/०७२* | - | — | — | — |
| २०७२/०७३ | ३२१ | ५८५ | ५८५ | ०.५३ |

*** सर्वसाधारण शेयर जारी भई नसकेकोले उक्त आर्थिक वर्षमा कारोबार नभएको ।**

**पछिल्लो ३ महिनामा भएको शेयर कारोबारको विवरण :**

| **महिना** | **अधिकतम शेयर मुल्य (रु)** | **न्यूनतम शेयर मुल्य (रु)** | **अन्तिम बजार मुल्य (रु)** | **शेयर कारोबार संख्या (हजारमा)** |
|---|---|---|---|---|
| २०७३ माघ | ९६५ | १२४५ | १२४५ | २.८१ |
| २०७३ फाल्गुण | ८८१ | १०५९ | ९८४ | ४.२३ |
| २०७३ चैत्र | ९८३ | ११६९ | १२५३ | १४.३३ |

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहिछाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री नारायण बाबु लोहनी | संचालक (रिलायवल डेभलप्मेन्ट बैक लि. बाट मनोनित) | |
| २. | श्री नारायण राज बिष्ट | संचालक (रिलायवल डेभलप्मेन्ट बैक लि. बाट मनोनित | |
| ३. | श्री दिपेश बाबु तिवारी | संचालक (रिलायवल डेभलप्मेन्ट बैक लि. बाट मनोनित | |
| ४. | श्री गोविन्द प्रसाद ढकाल | संचालक (रिलायवल डेभलप्मेन्ट बैक लि. बाट मनोनित | |
| ५. | श्री प्रविन पछाई | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) | |

**स) निष्काशन तथा बिकी प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/ संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनवाट हामी सन्तुष्ट हुनुको साथै ‘‘हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु’’ मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो ‘‘हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु’’ स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।